ब्याँस गाउँकार्यपालिका बैठक संख्या: ०४-२०८२।०८३ बैठक मिति: २०८२।०८।०५

आज मिति २०८२/०८/०५ गतेका दिन यस ब्याँस गाउँपालिका सुन्सेरा दार्चुलाका अध्यक्ष श्री मंगल सिह धामी ज्यूको अध्यक्षतामा ब्याँस गाउँपालिका गाउँ कार्यपालिकाको बैठक तपशिल बमोजिमको उपस्थितिमा बसि देहाय बमोजिमका प्रस्तावहरु माथी छलफल गरि निम्न निर्णयहरु गरिए।

तपसिल

| नाम थर | पद |
|---|---|
| ............ मंगल सिह धामी | अध्यक्ष |
| ............ विनोद सिह कुँवर | सदस्य |
| ............ अशोक सिह बोहरा | सदस्य |
| ............ धिरन सिह बुढाथोकी | सदस्य |
| ............ उपेन्द्र सिह धामी | सदस्य |
| ............ झुन सिह विष्ट | सदस्य |
| ............ बिर सिह धामी | सदस्य |
| ............ राजेन्द्र सिह कुँवर | सदस्य |
| ............ अस्पाल सिह बुढाथोकी | सदस्य |
| ............ आस्मती विसि | सदस्य |
| ............ कलम राम भूल | सदस्य |
| ............ कलावती डडाल | सदस्य |
| ............ धाना देबी बम | सदस्य |
| ............ पुर्णिमा ऐतवाल | सदस्य |
| ............ कृष्णानन्द बडू | सचिव |

अन्य उपस्थिति

| | |
|---|---|
| ............ गोपाल सिह विष्ट | लेखा अधिकृत |
| ............ नन्दन सिह धामी | अधिकृत छैटौं |
| ............ नरेन्द्र सिह बडाल | शिक्षा शाखा प्रमुख |
| ............ विरा दत्त भट्ट | स.क.अ |

ब्याँस गाउँकार्यपालिका बैठक संख्या: ०४-२०८२।०८३ बैठक मिति: २०८२।०८।०५

प्रस्तावहरु:

१. अनुदान सम्बन्धमा।
२. वालविकास दरबन्दी कायम सम्बन्धमा।
३. संस्था दर्ता सम्बन्धमा।
४. वहुक्षेत्रिय पोषण कार्यक्रम स्वीकृत सम्बन्धमा
५. लागत साझेदारी सम्बन्धमा।
६. सार्वजनिक सुनुवाई सम्बन्धमा।
७. राहत वितरण सम्बन्धमा।
८. वेरुजु रकम दाखिला सम्बन्धमा।
९. विविध।

निर्णयहरु:

निर्णय नं १. प्रस्ताव नं १ माथी छलफल गर्दायस ब्याँस गाउँपालिका अन्तरगतका तपसिल बमोजिमका विद्यालयहरुबाट पठन पाठनमा समस्या भइरहेको भनि अनुदान माग गरेको हुँदा तपसिल बमोजिमका विद्यालयहरुलाई ब्याँस गाउँपालिकाको सहजकर्ता शिक्षक व्यवस्थापन कार्यविधि २०७९ अनुसार तपसिल बमोजिमको अनुदान रकम उपलब्ध गराउने निर्णय गरियो।

तपसिल

| क्र.सं | विद्यालयको नाम | अनुदान रकम दिने तह | विषय | कैफियत |
|---|---|---|---|---|
| १ | श्री सर्वहित आवि दुम्लिङ्ग ब्याँस २ | वालविकास | - | |
| २ | श्री रानीस्थान आवि माल ब्याँस २ | निम्न माध्यमिक तह | - | |
| ३ | श्री सिद्ध मावि सिना ब्याँस ३ | प्राथमिक तह | - | |
| ४ | श्री सम्पाल मावि सुन्सेरा ब्याँस ४ | माध्यमिक तह | नेपाली | |
| ५ | श्री व्रह्मस्थान मावि डोकट ब्याँस ४ | माध्यमिक तह | नेपाली | |
| ६ | श्री दुर्गास्थान मावि स्याँकु ब्याँस ५ | वालविकास | | |

निर्णय नं २. प्रस्ताव नं २ माथी छलफल गर्दा ब्याँस गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८०।१२।२८ गतेको बैठकको निर्णय नं १४ अनुसार श्री चन्दाकोट आवि चन्दाकोटमा रहेको संघीय वालविकास दरबन्दीलाई जगत वालविकास ब्याँस ५ मा कायम गरिएकोमा जगत वालविकास केन्द्रमा विद्यार्थी संख्या न्यून रहेको हुँदा उक्त दरबन्दीलाई श्री चन्दाकोट आधारभूत विद्यालय चन्दाकोट ब्याँस ५ मै कायम गर्ने निर्णय गरियो।

निर्णय नं ३. प्रस्ताव नं ३ माथी छलफल गर्दाब्याँस गाउँपालिका वडा नं ४ पत्थरकोट स्थित पथरकोट युवा समाज नामक संस्था दर्ताका लागि आवश्यक कागजात प्राप्त भएकाले उक्त संस्थालाई यस कार्यालयको अभिलेखमा दर्ता गर्ने निर्णय गरियो।

निर्णय नं ४. प्रस्ताव नं ४ माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका अन्तरगत बहुक्षेत्रीय पोषण कार्यक्रमको आर्थिक वर्ष २०८२।०८३ को एकिकृत वार्षिक कार्यक्रमलाई स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं ५. प्रस्ताव नं ५ माथी छलफल गर्दा यस ब्याँस गाउँपालिकाबाट उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने योजनाहरुमा गाउँपालिकाबाट प्राप्त हुने स्रोतको दश प्रतिशत जनश्रमदान कायम गर्ने निर्णय गरियो।

निर्णय नं ६. प्रस्ताव नं ६ माथी छलफल गर्दायस ब्याँस गाउँपालिका तथा अन्तरगतका वडा कार्यालयहरुको गत आर्थिक वर्षको तेस्रो चौमासिक अवधि तथा चालु आर्थिक वर्षको प्रथम र दोस्रो चौमासिक अवधिको सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षण लागि यस कार्यालयमा पेश भएका प्रस्तावहरु मध्ये फेबरेट मिडिया प्रा.लि. महाकाली नगरपालिका ५, गल्फै दार्चुलाको प्रस्तावलाई स्वीकृत गर्दै पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन खर्च शिर्षकबाट रु तीन लाख रकमको सिमाभित्र रही कार्यक्रम सञ्चालनका लागि सम्झौता गर्ने निर्णय गरियो।

निर्णय नं ७. प्रस्ताव नं ७ माथी छलफल गर्दाब्याँस गाउँपालिकाको गौरवको योजनाको रुपमा रहेको तिमुरपाटा-हुती-धौलाकोट-मडगाउँ-माल सडक निर्माणका क्रममा दुँहु गाउँपालिका वडा नं ३ खेती क्षेत्रमा सडक निर्माणका लागि कृषकहरुको जमिनमा लगाइएको बालीनाली क्षती भएको र यस कार्यालयबाट तथा दुँहु गाउँपालिकाबाट संयुक्त रुपमा खटाइएको कृषि प्राविधिकहरुको टोलीले पेश गरेको बालिनालिको क्षती भएको विवरणको प्रतिवेदनका आधारमा तपसिल बमोजिमका कृषकहरुलाई तपसिल बमोजिमको राहत रकम सोही योजनाको कन्टिजेन्सीबाट भुक्तानी दिने निर्णय गरियो।

तपसिल

| क्र.स. | क्षति भएको जग्गा धनिकोनाम | ठेगाना | ना.प्र.प.नं. | क्षतिभएको बाली नाली | | राहत रकम | कै |
|---|---|---|---|---|---|---|---|
| | | | | बाली नाली | फलफुल | | |
| १ | राम दत्त जोशी | दुहुँ- ३ | ७६५७ | गहुँजौ | आप,अम्बा, लिचि, सुन्तला, केरा, कागती, कटहर | १६५०० | |
| २ | नन्दा बल्लभ जोशी | दुहुँ- ३ | ४९८-०३३-३४ | गहँलसुन | मेवा | २५०० | |
| ३ | कविराज जोशी | दुहुँ- ३ | ७२/१/९/५९११३ | गहुँ | केरा | ४००० | |
| ४ | महेश दत्त जोशी | दुहुँ- ३ | ०७२३००९-२३ | गहुँ | आप,अम्बा | २५०० | |
| ५ | बासु देव जोशी | दुहुँ- ३ | १८५९३ | जौ | केरा | २५०० | |
| ६ | भागरथी देवी जोशी | दुहुँ- ३ | ०७२/१/०९/५०९५३ | गहुँजौ | केरा | २५०० | |
| ७ | पार्वती देवी जोशी | दुहुँ- ३ | २०३५ | गहुँ | केरा | ५५०० | |
| ८ | नव राज जोशी | दुहुँ- ३ | १७१८४ | गहुँ | आपँ | २५०० | |
| ९ | रण बहादुर बम | दुहुँ- ३ | ०७२३००९/१ | मसुरोगहुँ | आपँ अम्का कागती | ५००० | |
| १० | नर बहादुर बम | दुहुँ- ३ | ७२/१/९/११०४८/५३३३ | मसुरो | आप, सुन्तला, केरा, कागती, ओखर | ९५०० | |
| ११ | मोहन दत्त जोशी | दुहुँ- ३ | १३७५० | गहुँ | आपँ अम्का | ५००० | |
| १२ | तेज बहादुर बम | दुहुँ- ३ | ०७२३००९/१३ | मसुरो | आपँ अम्का कागती | ९५०० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १३ | खडक बहादुर बम | दुहुँ- ३ | ६०८३ | मसुरो | आपँ अम्का कागती | ७५०० | |
| १४ | मान बहादुर बम | दुहुँ- ३ | ४४९९ | मसुरोभटमास अलैची | आपँ अम्का चुक | ६००० | |
| १५ | नरेन्द्र बहादुर बम | दुहुँ- ३ | ७२-०१-७७-००८२७ | मसुरोगहुँ जौ | आप, सुन्तला, केरा, कागती, ओखर | ९५०० | |
| १६ | करन सिंह बोहरा | दुहुँ- ३ | ७२-०१-७४-००५३३ | मसुरो | आपँ अम्बा | ७५०० | |
| १७ | मान बहादुर बम | दुहुँ- ३ | १२८२३ | मसुरोगहुँ | मेवा, लिची , आपँ ,अम्बा | ११००० | |
| १८ | डम्मर बहादुर बम | दुहुँ- ३ | २७५०/७२३५ | मसुरो | आपँ अम्बा | ५५०० | |
| १९ | जनक राज जोशी | दुहुँ- ३ | २०४४ | गहुँजौ | आपँ अम्बा केरा | १२५०० | |
| २० | धन बहादुर बम | दुहुँ- ३ | ७२-१-९-८५९०-१९१३ | मसुरोभटमास | ओखर सुन्तला | ७००० | |
| २१ | लाल बहादुर बम | दुहुँ- ३ | ७६८५ | मसुरो | सुन्तला अम्बा | ३५०० | |
| २२ | हरी दत्त जोशी | दुहुँ- ३ | ४५१७ | गहुँ | केरा अम्बा | ८५०० | |
| २३ | तोयराज जोशी | दुहुँ- ३ | २८३३७ | गहुँ | केरा | ३५०० | |
| २४ | हरीना देवी बोहरा | दुहुँ- ३ | २२७ | मसुरो | आपँ केरा अम्बा | ६००० | |
| २५ | पार्वती जोशी | दुहुँ- ३ | ०७२३००९/३२ | गहुँ | केरा | २५०० | |
| २६ | सुकदेव जोशी | दुहुँ- ३ | ११८५८ | मसुरोगहुँ | मेवा सुन्तला आपँ | ७५०० | |
| २७ | सुरेन्द्र बहादुर बम | दुहुँ- ३ | ७२-०१-८२-००५०१ | मसुरोजौ | सुन्तला कागती केरा | ४५०० | |
| २८ | कर्ण बहादुर बम | दुहुँ- ३ | २५७६१ | मसुरोजौ | सुन्तला कागती केरा | ४५०० | |
| २९ | ईन्द्र बहादुर बम | दुहुँ- ३ | ७६५२ | मसुरोगहुँ | आपँ अम्बा केरा | ४५०० | |
| ३० | विसनु दत्त जोशी | दुहुँ- ३ | ५४९० | गहुँ | केरा | ३००० | |
| ३१ | मनोरथ जोशी | दुहुँ- ३ | १५८०१ | गहुँ | केरा | ४५०० | |
| ३२ | तुला देवी जोशी | दुहुँ- ३ | २१३४ | गहुँजौ | सुन्तला कागती ओखर | ६५०० | |
| ३३ | राम दत्त जोशी | दुहुँ- ३ | | गहुँजौ | केरा मेवा | ५००० | |
| ३४ | पुष्कर राज जोशी | दुहुँ- ३ | ७२-०१-७४-००००९ | जौ | सुन्तला आपँ | ५००० | |
| ३५ | कृपा दत्त जोशी | दुहुँ- ३ | ३९१-५३७ | गहुँ | अम्बा आपँ | ७५०० | |
| ३६ | लोकेन्द्र प्रशाद जोशी | दुहुँ- ३ | ४०९१३ | गहुँ | अम्बा केरा | २५०० | |
| ३७ | धर्मानन्द जोशी | दुहुँ- ३ | २०४९ | जौ | केरा आपँ | २५०० | |
| ३८ | पार्वती जोशी | दुहुँ- ३ | ०७२३००९/४० | गहुँजौ | आपँ केरा सुन्तला | ८५०० | |
| ३९ | नविन जोशी | दुहुँ- ३ | ७२-०१-८१-०२७५५ | गहुँ | केरा आपँ | २५०० | |
| ४० | हिरा देवी जोशी | दुहुँ- ३ | २१११ | गहुँ | केरा कागती | ५९०० | |
| ४१ | अन्तराम जोशी | दुहुँ- ३ | ५४३९ | मसुरो | केरा आपँ | ३५०० | |
| ४२ | पुर्णानन्द जोशी | दुहुँ- ३ | २०५० | मसुरो | केरा आपँ | ३००० | |
| ४३ | धाना बडू | दुहुँ- ३ | ७२-०१-७३-०२९०० | मसुरो | केरा आपँ | २५०० | |
| ४४ | धनराज जोशी | दुहुँ- ३ | ७२-१-०९-५३८८७ | मसुरो | केरा आपँ | २५०० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४५ | करन सिंह बोहरा | दुहुँ- ३ | ७०१० | मसुरोजौ | केरा आँप | ७००० | |
| ४६ | गोपाल दत्त जोशी | दुहुँ- ३ | २८६ | मसुरो | केरा आँप | २५०० | |
| ४७ | शान्ति जोशी | दुहुँ- ३ | ७२-०१-७९-०४१९१ | मसुरोगहुँ | केरा अम्बा | ३५०० | |
| ४८ | बिरेन्द्र बहादुर बम | दुहुँ- ३ | २०७४४ | मसुरोगहुँ | अम्बा आँप केरा ओखरसुन्तला | ८००० | |
| ४९ | नरेन्द्र बहादुर बम | दुहुँ- ३ | ०७२३००९-२ | मसुरोगहुँ | आँप केरा | ६००० | |
| ५० | रण बहादुर बम | दुहुँ- ३ | ४४१७ | मसुरोजौ | आँप अनार | ३५०० | |
| ५० | विस्ना जोशी | दुहुँ- ३ | ०७२३००९/५ | मुसुरोजौ | अम्भा | ११५०० | |
| ५१ | लाल बहादुर बम | दुहुँ- ३ | ९२६१ | गहुँजौ | आँप सुन्तला अम्बा | ६००० | |
| ५२ | देव बहादुर बम | दुहुँ- ३ | | मसुरोगहुँ | आँप केरा | ३५०० | |
| ५३ | उषा बम | दुहुँ- ३ | | मसुरोजौ | अम्बा चुक सुन्तला | ४००० | |
| जम्मा | | | | | | २११४०० | |

निर्णय नं ८. प्रस्ताव नं ८ माथी (क) माथीछलफल गर्दा यस ब्याँस गाउँ कार्यपालिकाको मिति २०८२।०३।०७ गते बसेको बैठकले गाउँपालिका अन्तरगतका विभिन्न स्वास्थ्य संस्थाहरुमा करार सेवामा कार्यरत कर्मचारीहरुको त.भ. वाफत हुन आउने असार मसान्त सम्मको दायित्व गाउँपालिकाको स्रोत अभावका कारण भुक्तानी गर्न नसकि आर्थिक वर्ष २०८१।०८२ मा संघ सरकारबाट प्राप्त शशर्त अनुदान " ब.उ.सि.नं ८१४.२१.१.४०९ स्थानीय तहका स्वास्थ्य शाखा अन्तरगत कार्यरत स्थायी कर्मचारीहरुको त.भ. बाट भुक्तानी दिने निर्णय गरि रकम भुक्तानी दिइएकोमा गाउँपालिकाको अन्तिम लेखापरीक्षण गर्दा महालेखा परीक्षकको प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनको दफा ९८.२ मा स्वास्थ्य करार कर्मचारीको त.भ. भुक्तानी गरेको रकम रु ३२,३९,३३७ अक्षरेपी बत्तिस लाख उन्नचालिस हजार तीन सय सैंतिस रुपैयाँ सोध भर्ना गर्ने भनि वेरुजु औल्याइएकाले चालु आर्थिक वर्ष २०८२।०८३ को करार सेवा शुल्क शिर्षकबाट सोध भर्ना गरि वेरुजु फछौंटका लागि प्रमाण पेश गर्ने निर्णय गरियो।

निर्णय नं ९. प्रस्ताव नं ८ माथी (ख) माथी छलफल गर्दा गत आर्थिक वर्ष २०८१।०८२ मा असाहाय तथा जेष्ठ नागरिक आवास निर्माण कार्य गरिएकोमा यस गाउँपालिकाको अन्तिम लेखापरीक्षण गर्दा महालेखा परीक्षकको प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनको दफा ८४.१ मा १,५६,७०५.७८, दफा ८४.२ मा ४२,९१७, दफा ८४.३ मा १६,२०० जम्मा रु २,१५,८२२.७८ असुल गर्नुपर्ने भनि वेरुजु औल्याएकाले उक्त योजनाको धरौटी रकमबाट पुग्ने गरि वेरुजु दाखिला गरि फछौंटका लागि प्रमाण पेश गर्ने निर्णय गरियो।

निर्णय नं १०. प्रस्ताव नं ९ (क) माथी छलफल गर्दा महाकाली करिडोर अन्तरगत दार्चुला तिंकर सडक खण्डको ब्याँस गाउँपालिका वडा नं ५ धौलाकोटमा सडक निर्माण कार्य भइरहेको हुँदा उक्त क्षेत्रमा सडक छेउमा गाडिएका विद्युत पोल र दुँहु गाउँपालिका वडा नं ५ गोरमोरा खोलामा सडक अप्ठ्यारो भएका कारण निर्माण कार्यमा अवरोध भइरहेकाले विद्युत पोल हटाउन र सडक मर्मत गर्न पहल गरिदिन निर्माण व्यवसायिबाट अनुरोध भई आएकाले उक्त समस्याको समाधान गरिदिन महाकाली करिडोर दार्चुला तिंकर सडक कार्यालय खलंगा, दार्चुलालाई पत्राचार गर्ने निर्णय गरियो।

ब्याँस गाउँकार्यपालिका बैठक संख्या: ०४-२०८२।०८३ बैठक मिति: २०८२।०८।०५

निर्णय नं ११. प्रस्ताव नं ९ (ख) माथी छलफल गर्दा ब्याँस गाउँपालिका, गाउँ कार्यपालकाको मिति २०८२।०६।२९ गते बसेको बैठकले नेपाल सरकार अर्थ मन्त्रालयको च.नं. ११६, मिति २०८२।०६।०७ गतेको निर्णय कार्यान्वयन गराउने सम्बन्धी परिपत्र अनुसार रु दश लाख भन्दा माथीका आयोजना/योजनाहरु उपभोक्ता समितिबाट कार्यान्वयन नगर्ने/नगराउने निर्णय गरेकोमा सम्मानित सर्वोच्च अदालतको सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम गर्नु गराउनु भन्ने नेपाल सरकारको नाममा जारी भएको आदेश बमोजिम यस गाउँपालिकाबाट उपभोक्ता समितिबाट सञ्चालन हुने योजनाहरु सार्वजनिक खरिद ऐन नियमावली बमोजिम नै सञ्चालन गर्ने/गराउने निर्णय गरियो।

निर्णय नं १२. प्रस्ताव नं ९ (ग) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका अन्तरगत बाटोहरु वर्षादको समयमा भत्किएको तथा घर समेत जोखिममा रहेकाले तपसिल बमोजिमका कार्यहरु गर्नुपर्ने भएकाले तपसिल बमोजिमको रकम विपद् व्यवस्थापन कोष शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो।

तपसिल

| क्र.सं | पुर्ननिर्माण गर्नुपर्ने कामको नाम | बजेट | शिर्षक | कैफियत |
|---|---|---|---|---|
| १ | भुलचौरा पहिरोमा पदमार्ग निर्माण ब्याँस ४ | ५०,००० | विपद् व्यवस्थापन | |
| २ | किमपानी विन्नला पदमार्ग ब्याँस ४ | ५०,००० | विपद् व्यवस्थापन | |
| ३ | लेकघर डोकट पर्खाल निर्माण ब्याँस ४ | १,००,००० | विपद् व्यवस्थापन | |
| ४ | जाडघट्ट जोखिम न्युनिकरण | १,००,००० | विपद् व्यवस्थापन | |

निर्णय नं १३. प्रस्ताव नं ९ (घ) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका अन्तरगत विकास निर्माणका कार्यहरुमा PCC Block को १:३:६ को अनुपात कायम गर्ने निर्णय गरियो।

निर्णय नं १४. प्रस्ताव नं ९ (ङ) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका वडा नं २ कल्जु खोलामा पुरानो झोलुङ्गे पुलका सामानहरु प्रयोग गरि झोलुङ्गे पुल निर्माण गर्ने कार्य गरिएको हुँदा सम्बन्धित वडा कार्यालयले डोर हाजिरी प्रमाणित गरेको आधारमा उक्त कार्य गर्ने श्रमिकहरुलाई रु पैतिस हजारको सिमाभित्र रही विपद् व्यवस्थापन कोष शिर्षकबाट रकम भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं १५. प्रस्ताव नं ९ (च) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका उद्यम विकास शाखाको शाखा प्रमुखको जिम्मेवारी उद्यम विकास सहजकर्ता पपिता कुँवरलाई दिने निर्णय गरियो।

निर्णय नं १६. प्रस्ताव नं ९ (छ) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिकाले विरेन्द्र सिह तिंकरीलाई योग प्रशिक्षकमा नियुक्त गरि कामकाजमा खटाएको हुँदा गत आर्थिक वर्षमा केही त.भ. भुक्तानी दिन छुट भएको हुँदा छुट त.भ. रकमलाई भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं १७. प्रस्ताव नं ९ (ज) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका वडा नं ४ का स्थानीय ज्ञान सिह खत्रीले आफ्नो परम्परागत पानी घट्ट जिर्ण भइरहेकाले मर्मतका लागि राहत रकम प्रदान गरिदिन भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा विपद् व्यस्थापन कोष शिर्षकबाट रु दश हजार राहत प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं १८. प्रस्ताव नं ९ (झ) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका तथा अन्तरगतका कार्यालयहरुमा करार सेवामा कार्यरत कर्मचारीहरुको हाजिरी प्रमाणितका आधारमा कार्यालयमा विना जानकारी अनुपस्थित दिनको त.भ. कट्टी गरि भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं १९. प्रस्ताव नं ९ (ञ) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका अन्तरगतका सामुदायिक विद्यालयहरुमा अध्ययतरत तपसिल बमोजिमका आमाबुवा दुबै गुमाएका टुहुरा बालबालिकाहरुलाई शैक्षिक वृतिका लागि प्रति विद्यार्थी रु छ हजार रुपैयाँका दरले बालबालिका लक्षित कार्यक्रम शिर्षकबाट तपसिल बमोजिम भुक्तानी दिने निर्णय गरियो।

तपसिल

| क्र.सं. | नाम थर | रकम | अध्ययनरत विद्यालय | ठेगाना | संरक्षकको नाम थर | कै. |
|---|---|---|---|---|---|---|
| १ | अम्रिता लोथ्याल | ६,००० | श्री मोति महिला संघ आवि तिंकर ब्याँस १ | दुँहु ४ | छुड्का देवी लोथ्याल | |
| २ | आकाश बुढाथोकी | ६,००० | | ब्याँस २ | रोसनी बुढाथोकी | |
| ३ | आरती डडाल | ६,००० | श्री कैलाशपति आवि छाङरु ब्याँस १ | ब्याँस १ | दुरी देवि डडाल | |
| ४ | हरिना ठगुन्ना | ६,००० | | ब्याँस १ | देव सिह ठगुन्ना | |
| ५ | आयुस औजी | ६,००० | | ब्याँस १ | पार्वती थापा | |
| ६ | पुजक डडाल | ६,००० | | ब्याँस १ | दुरी देवि डडाल | |
| ७ | महेश भट्ट | ६,००० | श्री ब्रह्मस्थान मावि डोकट ब्याँस ४ | ब्याँस ४ | गौरा देवी भट्ट | |

निर्णय नं २०. प्रस्ताव नं ९ (ट) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका वडा नं ३ मा रहेको जिन्सी सामग्री साउन्ड सिस्टम मर्मत गरि मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च शिर्षकबाट रकम भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं २१. प्रस्ताव नं ९ (ठ) माथी छलफल गर्दा कृषि विकास निर्देशनालय दिपायल डोटीले अनुदानमा कृषि एम्बुलेन्स मागका लागि प्रस्ताव आव्हान गरेको हुँदा यस गाउँपालिकामा कृषि एम्बुलेन्स आवश्यक रहेको हुँदा प्रस्ताव पेश गर्ने निर्णय गरियो।

निर्णय नं २२. प्रस्ताव नं ९ (ड) माथी छलफल गर्दा ब्याँस गाउँपालिका स्थायी ठेगाना भई महाकाली नगरपालिका वडा नं ४ मा रहेको श्री महेन्द्र नमुना माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुले शैक्षिक भ्रमणका लागि आर्थिक सहयोग गरिदिन भनि निवेदन पेश गरेको हुँदा निवेदन पेश गरेका विद्यार्थीहरुलाई रु वीस हजारको सिमा भित्र रही विविध खर्च शिर्षकबाट विद्यालयको नाममा भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं २३. प्रस्ताव नं ९ (ढ) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिकाको चालु आर्थिक वर्षको वार्षिक स्वीकृत संघिय सशर्त अनुदान अन्तरगत याक चौरी प्रवर्द्धन कार्यक्रमका लागि बजेट विनियोजन भएको हुँदा उक्त कार्यक्रम कार्यान्वयनका लागि कृषिकहरुलाई प्रस्ताव पेश गर्न १५ दिने सूचना प्रकासन गर्ने निर्णय गरियो।

निर्णय नं २४. प्रस्ताव नं ९ (ण) माथीछलफल गर्दा यस ब्याँस गाउँपालिका वडा नं २ मा स्थायी बसोबास गरिरहेका खरछाना भएका परिवारका लागि खरछाना मुक्त गर्न तपसिल बमोजिम आगामी गाउँसभाबाट स्वीकृत हुने गरि बजेट संशोधन गर्ने निर्णय गरियो ।

| क्र.सं | शिर्षक | रकम | शंशोधित शिर्षक | रकम | स्रोत |
|---|---|---|---|---|---|
| १ | विविध खर्च | २,१८,००० | खरमुक्त कार्यक्रम वडा नं २ | २,००,००० | प्रदेश राजस्व बाडफाड |

निर्णय नं २५. प्रस्ताव नं ९ (त) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका वडा नं ४ डोबमा वर्षादको समयमा खानेपानीको लाइनमा क्षती भई खानेपानी आपुर्तीमा समस्या भइरहेको भनि यस कार्यालयमा स्थानीयहरुले निवेदन पेश गरेको हुँदा विपद् व्यवस्थापन कोष शिर्षकबाट खर्च हुने गरि प्राविधिक लागत अनुमानका आधारमा उक्त खानेपानी लाइनलाई मर्मत गर्ने निर्णय गरियो ।

निर्णय नं २६. प्रस्ताव नं ९ (थ) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका वडा नं २ राप्लाका स्थानीय कालु राम लुहार, मानमती वि.क. र अन्जनी देवी बुढाथोकीको वर्षादको समयमा घर क्षती भएको र वडा कार्यालयले तत्कालका लागि अमित किराना तथा थोक पसल खलंगाबाट आवश्यक खाद्य सामग्री वितरण गरेको हुँदा सो वापतको सात हजार पाँच सय रुपैयाँ विपद् व्यवस्थापन कोषबाट पसलका सञ्चालक देवेन्द्र सिह ठगुन्नाको नाममा भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं २७. प्रस्ताव नं ९ (द) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका अन्तरगत रहेका माध्यमिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुलाई राष्ट्रपति रनिङ शिल्ड लक्षित प्रशिक्षण गर्नका लागि उक्त रनिङ शिल्ड सञ्चालन अवधि सम्मका लागि एक जना एथलेटिक्स/भलिबल र एक जना कबड्डी प्रशिक्षक नियुक्त गर्ने निर्णय गरियो ।

निर्णय नं २८. प्रस्ताव नं ९ (ध) माथी छलफल गर्दायस ब्याँस गाउँपालिकाबाट कार्यान्वयन भएका तपसिल बमोजिमका योजना तथा कार्यक्रमको विविध कारणले हाल सम्म भुक्तानी गर्न नसकिएको र चालु आर्थिक वर्षमा स्रोत सुनिश्चित गरिएको हुँदा भुक्तानी प्रकृया अघि बढाउने निर्णय गरियो ।

१. १२ वर्षे कण्डाली मेला व्यवस्थापन

२. कण्डाली मेलामा खेलकुद व्यवस्थापन

निर्णय नं २९. प्रस्ताव नं ९ (न) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका अन्तरगत WASH कार्यक्रम सञ्चालनका लागि लागत साझेदारी गर्ने निर्णय गरियो ।

निर्णय नं ३०. प्रस्ताव नं ९ (प) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिको वार्षिक स्वीकृत रु दश लाख भन्दा माथीका योजनाहरुको उपभोक्ता समिति गठन गरि कार्यान्वयन गर्न वडा कार्यालयहरुलाई पत्राचार गर्ने निर्णय गरियो ।

निर्णय नं ३१. प्रस्ताव नं ९ (फ) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिकाको वडा नं ४ व्रह्मलेकमा रहेको नेपाल टेलिकमको टावर सम्म विद्युतिकरणका लागि लागत साझेदारीमा स्रोत सुनिश्चित गरिएको हुँदा खरिद प्रकृया अघि बढाउने निर्णय गरियो ।

निर्णय नं ३२. प्रस्ताव नं ९ (ब) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका वडा नं ६ मा सञ्चालित श्री हुस्कर आधारभूत विद्यालय खातीगाउँ शैक्षिक सत्र २०८१ देखि मर्ज भई उक्त विद्यालयमा शिशु कक्षा मात्रै सञ्चालनमा रहेको अवस्थामा गत आर्थिक वर्षमा उक्त विद्यालयमा विद्यालय सञ्चालन तथा व्यवस्थापन, सञ्चार र प्रति विद्यार्थी लागतका आधारमा रकम निकासा भएको र ब्याँस गाउँपालिकाको गत आर्थिक वर्षको अन्तिम लेखा परीक्षण गर्दा वेरुजु औल्याएकाले उक्त विद्यालयमा अब देखि उक्त रकम निकासा नगर्ने तथा हाल कायम वेरुजु फर्छौटका लागि सम्बन्धित निकायलाई अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं ३३. प्रस्ताव नं ९ (भ) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिकाको नाममा रहेको से १ ब १२५५, सुपप्र ०२००१ ब ०७८९ र सु.प्र.प.०१०७३३ नम्बरको मोटरसाइकलहरु मर्मत कार्य गरिएको हुँदा "सवारी साधन मर्मत खर्च" शिर्षकबाट रु ९५,२५० जगन्नाथ अटो पार्टस रिपेयरिङ सेन्टर म.न.पा. ५ को नाममा भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं ३४. प्रस्ताव नं ९ (म) माथी छलफल गर्दा आर्थिक वर्ष २०८१।०८२ को प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनको दफा ४५ मा शिर्षक फरक पारि खर्च भनि अनियमित वेरुजु कायम गरेकोमा असार मसान्तमा सुत्र प्रणालीको सर्वरमा समस्या हुनुका साथै कार्यालयको कार्यबोझका कारणले हतारमा भुक्तानी गर्दा हुन गएको त्रुटी अब उप्रान्त नदोहरिने प्रतिवद्धता सहित कायम भएको वेरुजु फर्छौटका लागि सम्बन्धित निकायलाई अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं ३५. प्रस्ताव नं ९ (य) माथी छलफल गर्दा आर्थिक वर्ष २०८१।०८२ को प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनको दफा ६९, ७०, ७१, ७२ र ९० मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत कार्य सम्पन्न प्रतिवेदन नभएको, नापी किताबमा उल्लेख नभएको, वढी भुक्तानी भएको, कार्य सम्पन्न प्रतिवेदन भन्दा बढी भुक्तानी भएको र लागत अनुमान नभएको कार्य परिमाणको भुक्तानी भएको भनि प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनमा लेखिएको छ। नेपालको संविधानको धारा ३३ मा प्रत्येक नागरिकलाई रोजगारीको हक रहेको साथै रोजगारीको हक सम्बन्धी ऐन २०७५ र रोजगारीको हक सम्बन्धी नियमावली २०७५ तथा कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०७७ बमोजिम सुचिकृत वेरोजगार श्रमिकहरुलाई न्युनतम १०० दिन रोजगारी प्रदान गर्नुपर्ने र रोजगारी प्रदान नभएमा निर्वाह भत्ता समेत दिन सकिने व्यवस्था रहेको, अति विपन्न नागरिकहरुलाई रोजगारी दिन सरसरफाई र निर्माण कार्य लगायतका काममा खटाउन सकिने व्यवस्था अनुसार गाउँपालिकाले निर्माण कार्यमा श्रमिकहरुलाई खटाई न्युनतम ६० देखि अधिकतम् ९६ दिन सम्मको ज्याला सम्बन्धित श्रमिकको बैंक खाता मार्फत भुक्तानी गरिएको हुँदा श्रमिकहरुबाट असुल उपर गर्दा न्युनतम् रोजगारी पाउने मौलिक हक हनन हुने हुँदा कार्यालयबाट भुक्तानी प्रकृयाका वखत भएका प्राविधिक त्रुटीहरु अब उप्रान्त नदोहरिने प्रतिवद्धता सहित कायम भएको वेरुजु फर्छौटका लागि सम्बन्धित निकायलाई अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं ३६. प्रस्ताव नं ९ (र) माथी छलफल गर्दा माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका कार्यालयबाट घ वर्गको निर्माण व्यवसायी इजाजत पत्रको नामसारी दस्तुर रु ४५,०० अक्षेरुपी चार हजार पाँच सय मात्र कायम गर्ने निर्णय गरियो।

निर्णय नं ३७. प्रस्ताव नं ९ माथी (ल) माथी छलफल गर्दा गत आर्थिक वर्ष २०८१।०८२ मा दार्चुला तिंकर सडक देखि नेपाल भारत जोड्ने झो.पु. पुल सम्म कृषि सडक स्तरोन्नती वडा नं ५ र ६ योजनालाई उपभोक्ता समिति मार्फत कार्यान्वयन गरिएकोमा यस गाउँपालिकाको अन्तिम लेखापरीक्षण गर्दा महालेखा परीक्षकको प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनको दफा ८२ मा रु ६०,१२२ रकम असुल गर्नुपर्ने भनि वेरुजु औल्याएकाले उक्त योजनाको धरौटी रकमबाट पुग्ने गरि वेरुजु दाखिला गरि फर्छौटका लागि प्रमाण पेश गर्ने निर्णय गरियो।

निर्णय नं ३८. प्रस्ताव नं ९ माथी (व) माथी छलफल गर्दा यस गाउँपालिकाको WASH Plan तयार गर्न संघीय सरकारबाट अनुदान प्राप्त भएकोमा उक्त कार्यक्रमलाई अझै प्रभावकारी ढंगले सञ्चालन गर्नका लागि बजेटको आवश्यकता रहेको हुँदा संघ, प्रदेश र स्थानीय तहको लागत साझेदारीमा हुने गरि रु छ लाख बजेट विनियोजन गरिदिन सुदूरपश्चिम प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालय धनगढी, कैलालीलाई अनुरोध गर्ने निर्णय गरियो।